मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

- वीरेन्द्र रमण - मधेश प्रदेशको विकासको आधार कृषि
- 'कृषि क्षेत्र क्रमशः आधुनिकीकरणतर्फ अग्रसर भइरहेको छ'
- मुक्तिनाथमा सशुल्क घोडा र स्टेचर सुविधाले दर्शनार्थीलाई सुविधा
- जनताको भावनाअनुरुप संविधान संशोधन गर्नुपर्छः उर्मिला अर्याल

वर्ष ३ ● अंक ११८ ● २०८१ साल फागुन २४ गते शनिबार ● Saturday 08, March 2025 ● सूर्योदयः बिहान ६:२२ बजे ● सूर्यास्तः साँझ ६:१० बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## रिंकु सदा मृत्यु प्रकरणका अभियुक्त सार्वजनिक



**मधेशदृष्टि**
**सिरहा ।**
नवराजपुर गाउँपालिका–१ भगवतिपुरकी १७ वर्षीया रिंकुकुमारी सदाको सामूहिक बलात्कार तथा शंकास्पद मृत्यु घटनामा पक्राउ परेका अभियुक्तलाई जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको छ । प्रकरणमा आठजना पक्राउ परिसकेका छन् । अरु चारजना फरार छन् । बलात्कारका मुख्य आरोपित रुपेश मण्डल तथा पञ्चायतीमा संलग्न वडासदस्य नथुनी साहसहित स्थानीय रामकृपाल मण्डल, विन्देश्वर साह, राजेन्द्र मण्डल, चन्देश्वर मण्डल, रामविनोद मण्डल र कमलेश दास पक्राउ परेका छन् ।रुपेश, नथुनी, रामकृपाल र विन्देश्वर जाहेरीमा नाम किटान गरिएका व्यक्ति हुन् भने अन्यको जाहेरीमा नाम उल्लेख नभए पनि पञ्चायतीमा भूमिका देखिएको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताए ।

अभियुक्तमध्येका चन्देश्वर, रामविनोद र कमलेशलाई प्रहरीले फागुन ११ गते पक्राउ गरेको थियो । त्यसैगरी बलात्कारका मुख्य अभियुक्त रुपेश फागुन २१ गते पक्राउ परेका थिए । अन्य चार जनालाई लुकिछिपी बसेको अवस्थामा विभिन्न स्थानबाट शुक्रबार पक्राउ गरिएको हो ।

पासवानका अनुसार पक्राउ परेकालाई जिल्ला अदालत सिरहाबाट पाँचदिनको म्याद थप गरी थप अनुसन्धान थालिएको छ भने फरार अभियुक्तको खोजी भइरहेको छ ।

## जनकपुरमा राजावादीको प्रदर्शन
### वीरगंजमा आज



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राजावादीहरुले जनकपुरधाममा राजासहितको प्रजातन्त्र माग गर्दै मोटरसाइकल जुलुश निकालेका छन् । शुक्रबार जनकपुरधाम नगरक्षेत्रमा निस्किएको जुलुशका सहभागीले 'हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ' भन्दै राजनीतिक दलका नेताहरुविरुद्ध पनि नाराबाजीसहित हिन्दू राष्ट्र कायम गर्न माग गरेका थिए ।

जनकपुरधामस्थित जनक चोकमा कोणसभामा परिणत भएर राजावादीहरुले पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसका दिन साथ दिन आग्रह गरेकाले त्यसमा ऐक्यवद्धता जनाउन मोटरसाइकल जुलुश निकालिएको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता मुन्नु झाले पूर्वराजा ज्ञानेन्द्र शाहले साथ दिन आह्वान गरेकाले आफूहरुको साथ रहेको र ऐक्यवद्धतास्वरुप जुलुश निकालिएको बताए । उनले देशका नेताहरुले देशलाई नै ब्लाकलिष्टमा पारिसकेको भन्दै युवा खाडी मुलुकमा रहेको बताए ।

उनले रोजगारको अवस्था नरहेको र युवा पनि देशमा नभएको भन्दै देशमा गणतन्त्र आएपछि नेताहरुले देश बर्बाद गरेको बताए ।

यस्तै, रमेश गिरीले देशको अवस्था देखेर ज्ञानेन्द्र शाह तक्लिफ अवस्थामा रहेको बताए ।

उनले १६ वर्षदेखि ज्ञानेन्द्र शाह चुप लागेर बसेकामा अहिले देश ग्रे लिष्टमा पुगिसकेको र देशका नेताहरु भ्रष्टाचार मुद्दामा जेल जाने अवस्था रहेकाले देशमा राजा आवश्यक रहेको बताए । उनले नेपाली जनताले उनलाई नरायणहिटी दरबारमा प्रवशे गराउनु पर्ने अवस्था आइसकेको बताए ।

गिरीले नेपाललाई राजा चाहिएको भन्दै भने, 'राजा कहाँ छैन ? डेनमार्कमा छ, थाइल्याण्डमा छ, जापानमा छ । राजा भएको देशमा जनताले कहिल्यै दुःख पाउँदैनन् ।'

यस्तै, अर्का राजावादी चन्द्रमोहन झाले पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसको अवसरमा सम्पूर्ण नेपाली जनतासँग सहयोग मागेकाले देशको विभिन्न स्थानबाट उनको समर्थनमा र्याली निस्किरहेको र जनकपुरधाममा पनि निकालिएको बताए । उनले राजासँग जानुपर्ने बाध्यतासमेत रहेको बताए । झाले माओवादी, एमालेले उनलाई चुनाव लड्न भनिरहेको भन्दै भने, 'अभिभावक कहिल्यै चुनाव लडेर चुनिन्न ।'

**वीरगंजमा आज**

आर्थिक राजधानी वीरगंजमा पनि आज शनिबार राजावादी समूहले प्रदर्शनको तयारी गरेका छन् । पूर्वराजा शाहको आह्वानपछि देशभर राजावादी समूहको सक्रियता बढ्दा वीरगंजमा आज शनिबार प्रदर्शनको तयारी भएको बुझिएको छ ।

भोलि आइतबार पोखराबाट पूर्वराजा शाह काठमाडौँ फर्कने तयारीमा काठमाडौँमा पनि वृहत स्वागतको तयारी भएको छ । यसको पूर्वसन्ध्यामा देशका विभिन्न शहरहरुमा राजावादीहरु जुर्मुराएका हुन् ।

## महोत्तरीमा शीर्षनेताको जमघट



**मधेशदृष्टि**
**जलेश्वर ।**
जिल्लामा प्रमुख दलका नेताहरु ह्वारह्वार्ती आइदिँदा पनि जनतामा उत्साहको बेलुन फुल्ने गर्छ । राजनीतिप्रति जति नै वितृष्णित भए पनि फेरि पनि विकल्पमा राजनीति नै हो । यसैले जिल्लामा अनेक सन्दर्भ पारेर विभिन्न पार्टीका नेताहरु एकैपटक आइदिँदा स्थानीयमा उत्साह छाएको देखिएको हो ।

'मुलुकका जिम्मेवार दलका नेता एकैदिन जिल्लाका विभिन्न कार्यक्रममा सरिक हुनु भएको थियो, यसले यहाँका जनतामा आशा र उत्साह पलाएको छ,' बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्रीले भने, 'मुख्य दलका नेताले यहाँका विषय उठाउनुभएको छ, यहाँका आवश्यकताले उपल्लो तहमा चासो बढाएको छ, यो हाम्रा लागि अवसर हो ।' तत्कालै कुनै परिणाम





देखिनहाले पनि नेताहरूको यो जमघटले जिल्लालाई दूरगामी रूपमा फाइदा नै पुग्ने क्षेत्रीको विश्वास छ ।

प्रधानमन्त्री ओली बिहीबार गौशाला–१ स्थित नेपाल पल्प एण्ड पेपर इन्डष्ट्रिज उद्घाटन समारोहमा, सभापति देउवा पार्टी कार्यकर्ताबीच बर्दिबासमा र अध्यक्ष दाहाल सम्सीमा 'जनतासँग माओवादी, तराई मधेश जागरण अभियान' कार्यक्रममा सरिक भएका थिए । 'तीनै ठाउँमा मधेशको आर्थिक विकास र समृद्धिका कुरा उप्किए, तीनै नेताले यहाँको विकासमा आपूm प्रतिबद्ध रहेको बताउनुभयो,' गौशाला–४ रजखोरका सामाजिक राजनीतिक कार्यकर्ता अजय कुशवाहा भछन्, 'नेताहरूको यो जमघटले यहाँका विकास सम्भावनाबारे चर्चा बढेका छन् ।' बहालवाला प्रधानमन्त्री र दुई पूर्वप्रधानमन्त्री नै एकैदिन जिल्लामा आउँदा आशालाग्दो स्थिति बनेको कुशवाहाको बुझाइ छ ।

बुधबारदेखि जिल्लामा विभिन्न भेटघाट र सभामा सरिक माओवादी अध्यक्ष दाहालले बिहानबेलुका सर्वसाधारणसँग पनि प्रत्यक्ष भेटघाट र कुराकानी गरेका थिए । यसैगरी शुक्रबारको मनराशिशवा नगरपालिकाको कार्यक्रममा सरिक हुन बिहीबार नै बर्दिबास आइपुगेका सभापति देउवाले यहाँका कृषि, उद्योग र सुक्खा बन्दरगाहको कुरा महत्वका साथ हेरिने बताए । अध्यक्ष दाहालले त सुक्खा बन्दरगाहबारे आपूm निकै उत्साही रहेको र यसका लागि पहलकदमी लिने सार्वजनिक प्रतिबद्धता नै जनाए । 'अब केही हुन्छ भन्ने विश्वास पलाउँदै गएको छ,' जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले भने ।

प्रधानमन्त्री ओली सरिक कार्यक्रममा नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक कल्याणमन्त्री तथा लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारी र मधेश प्रदेशका मुख्यमन्त्री तथा जनमत पार्टीका नेता सतिश कुमार सिंहको सरिकताले यहाँका कुरा केन्द्र र प्रदेश सरकारसम्म जिम्मेवार तहमा पुगेका गौशालाका नगरप्रमुख डा. दीपेन्द्र महतो बताउँछन् । यसबाहेक प्रदेश सरकारका मन्त्रीहरू सरोजकुमार यादव र राजकुमार लेखीसहितको नेताहरूको सामूहिक सहभागिताले यहाँका प्रस्ताव अब सबैजसो दलका मुख्य नेतासम्म पुगेका डा. महतोको भनाइ छ । कार्यक्रम सकेर प्रधानमन्त्री ओली र माओवादी अध्यक्ष दाहाल महोत्तरीबाट फर्किसके पनि सभापति देउवा मनराशिशवामा आयोजना हुने कार्यक्रममा सरिक भएका छन् । नेताहरूको यो जमघट जति बढ्यो, यहाँका आवश्यकताका कुराले जिम्मेवार ठाउँमा उति चर्चा पाउने शिक्षाविद् बर्दिबास–१ स्थित देउराली माध्यमिक विद्यालयका प्रधानाध्यापक कुमार घिमिरे बताउँछन् । यस भेगमा नेताहरूको जमघटबीच यहीँकै विकास निर्माण र त्यससम्बन्धी बहसका मुद्दा जोडतोडका बढ्दा अब नयाँ कामका विषयबारे सघन चासो र चर्चा बढेको घिमिरेको ठम्याइ छ ।

## बेथिति अन्त्य गर्न ज्यानको बाजी लगाएको छुः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले व्यक्तिगत जीवनको परवाह नगरी २०औँ वर्षदेखिका बेथिति अन्त्यका लागि अभियान सञ्चालन गरेको बताएका छन् । शुक्रबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै मुख्यमन्त्री सिंहले बेथिति अन्त्यका लागि विगतका संघीय मन्त्री वा प्रदेशका मुख्यमन्त्रीले पनि कुनै काम नगरेको आरोप लगाए ।

उनले स्वास्थ्य तथा शिक्षा क्षेत्रमा भएका बेथिति अन्त्यका लागि अभियान सञ्चालन गर्दा विभिन्न ठाउँबाट भड्काउने प्रयास गरेको भन्दै आफूले आँट गरेर अगाडि बढेको दाबी गरे । मधेशका केही स्थानमा एकैदिन भएको २१ वटा अस्पताल अनुगमनमा २० वटा बिनादर्ता सञ्चालन गरिएको पाइएकाले अस्पताल तत्काल बन्द गरिएको उनको भनाइ छ ।

उनले विगतका सरकारले पनि विभिन्न धम्कीका कारण काम गर्न नसकेको हुनसक्ने भन्दै आफूले बेथिति अन्त्यका लागि ज्यानको बाजी लगाएर भए पनि अभियान जारी राख्ने बताए ।

मुख्यमन्त्री सिंहले मधेश प्रदेशका आठै वटा जिल्लामा नक्कली डाक्टरले मान्छेको ज्यानसँग प्रत्यक्ष खेलवाड गरेको भेटिएको बताए । बिना मापदण्ड खोलिएका अस्पतालमा डाक्टरको एनएमसी नम्बरसमेत नक्कली भेटिएको उनको भनाइ छ । मुख्यमन्त्री सिंहले एम्बुलेन्स चालक तथा अनमी र अहेब पढेका व्यक्तिले समेत अस्पताल सञ्चालन गरेको भेटिएको बताए ।

मुख्यमन्त्री सिंहले एसइइ नजिक आइसकेकाले त्यसमा भएका बेथिति अन्त्यका लागि आफूले अभियान सञ्चालन गरी रहेको बताए । उनले मधेशका आठ वटै जिल्लाका शिक्षा अधिकारीलाई एसइइ परीक्षामा कतै चिट भेटिए केन्द्रध्यक्षलाई निलम्बन गर्नेसम्मको तयारी गरेको बताए ।

# मधेश प्रदेशको विकासको आधार कृषि





वीरेन्द्र रमण

मधेस प्रदेशबाट कृषि पेशा कम हुदै युवाहरु विदेश तिरको आफनो यात्रा गर्न थाले मधेश समेत पिछडा रुपमा आफुलाई अगाडि बढाउँदै गए, अर्थात कृषि क्षेत्रबाट



विमुख भएपछि कतिपय क्षेत्रमा मधेश कमजोर बन्दै गएको छ। अहिलेको अवस्थामा हेर्न हो भने एउटा मानसिकताको विकास भएको छ कि कृषिले समृद्धि ल्याउन सक्दैन तर त्यो सर्वथा मिथक हो। भारत सहित कतिपय समृद्धि मुलुकका प्रदेश समेत कृषिलाई नै आफनो समृद्धिको रुपमा अगाडि सारेको छ। उनीहरु विकासको र लगानी प्रद्धर्वनको रुपमा कृषिलाई लिएका छन् । तर हामी तिर कृषि क्षेत्रको विकासको कुरा गरिएको वर्षो भईक्दा समेत कृषिमा आत्मनिर्भरको अवस्था छैन । छिमेकी मुलुक भारतको बिहार प्रान्त अहिले कृषि क्षेत्रमा समृद्धि बन्दै गएका छन्। सिमावर्ति क्षेत्रको नेपाली बजारमा भारतको तरकारीले बजार ओगेटेको छ तर हामी आफनो उत्पादनलाई बजार सम्म पुर्याउन सकिरहेका छैनाँै।

मदेश शब्दले ’मध्यदेश’ ’मधेश’ अर्थात् कुनै पनि देशको ‘मध्य भाग’ भन्ने बुझाउँदछ। हाम्रो देश नेपालको मधेस पनि मध्य भागमा अवस्थित छ। यो मधेशको भू–भागभित्र संघीय संरचनाअनुसार ८ वटा जिल्लाहरू पर्दछन् । नेपालको संविधान २०७२ को संघीयता विभाजनले तराईका ८ वटा जिल्लाहरूलाई मधेश प्रदेश मानेको छ। जस अनुसार मधेशका जिल्लाहरूभित्र पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी पर्दछन्। पूर्वमा सप्तरी जिल्लादेखि पश्चिममा पर्सा जिल्लासम्मको भू–भाग



मधेश हो र यहाँ बसोवास गर्ने जनतालाई मधिशे भन्ने चलन छ तर मधिशे मूलका जनता भनेर मधेश क्षेत्रमा बसोवास गर्ने तराईबासीलाई जनाउँदछ। मधेश÷मदेश÷मदेश भनेको मध्य देशमा पर्ने भू–भाग वा देशको माझ वा बीच भागमा पर्ने अग्लो होचो र डाँडाकाँडा नभएको एकदमै समथर तराईको मधेशको भूमि हो। यो भूमि हिमालयदेखि दक्षिण विन्ध्य पर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व प्रयागदेखि पश्चिमपट्टि पर्दछ।

मधेशी मूलका नागरिकहरू भनेका तराई ब्राह्मण, क्षेत्री, मुस्लिम, कामी, यादव, दमाई÷ढोली, ठकुरी, सार्की, तेली, कोइरी, कुर्मी, सन्याशी, सोनार, बानिया, कलवार,



हजाम÷ठाकुर, कानू, सुधी, लोहार, टट्मा, खत्वे, नुनिया, कुम्हार, हल्वाई, कायस्थ, बदाही, मारवाडी, बाँतर, बाराय, कहार, लोधा, राजभार, बिन्द÷बिन्दा, भेदिया÷गदेरी, नुराङ, माली, बङ्गाली, डोम, कमर, गाइने, चुरौटे, बादी, हल्खोर पञ्जावी÷सिख, कोचे, धुनिया, जैन, मुन्डाजस्ता त्यति नाम प्रचलित नभएका जातिहरू पर्दछन् । मधिसे दंलितअन्तर्गत चमार÷हरिजन÷पासी, मुसहर, दुसाध (पासवान, पासी) तत्मा, खत्वे, धोबी, बाँतर, चिडिमार, डोम, मेस्तर (हलखोर), कुशवाडिया (पत्थरकट्टा, ककहिया, कलर, खटिक, कोरी पसी, सरभङ्ग (सर्वारिया), आदि पर्दछन्।

मधेश प्रदेश नेपालको दक्षिणपूर्वी क्षेत्रमा अवस्थित एक प्रदेश हो। नेपालको गणतान्त्रिक संविधान–२०७२ लागू भएपछि यो प्रदेशको स्थापना भएको थियो। यो नेपालको दोस्रो सबैभन्दा बढी जनसख्या भएको र क्षेत्रफलको आधारमा सबैभन्दा सानो प्रदेश हो । यो प्रदेशको पूर्व दिशामा कोशी प्रदेश, उत्तर दिशामा कोशी प्रदेश र बागमती प्रदेश, पश्चिम दिशामा बागमती प्रदेश र दक्षिणमा भारतको अन्तर्राष्ट्रिय सीमा पर्दछ। यो प्रदेशको क्षेत्रफल ९,६६१ व.कि.मि. अर्थात् ३,७३० वर्ग माइल रहेको छ। वि.सं. २०६८ को एघारौं राष्ट्रिय जनगणनामा उल्लेख भए अनुसार यो प्रदेशको जनसंख्या ५४,०४,१४५ रहेको छ जुन प्रदेशलाई नेपालको सबैभन्दा बढी मानव जनघनत्व भएको प्रदेश बनाएको छ। नेपालको पूर्वी र मध्य तराईका यी ८ वटा जिल्लाहरूमा बढी जनसंख्याको बसोवास हुनाको कारण भारतको उत्तर प्रदेश र विहारको सामाजिक तथा सांस्कृतिक प्रभाव पर्नु पनि हो।

नेपाल तराईका १८ वटा जिल्लाहरूमध्ये ८ वटा जिल्लाहरूलाई मात्र मधेस प्रदेशमा समावेश गरिएको छ। पूर्वमा सप्तरी जिल्लादेखि पश्चिममा पर्सा जिल्लासम्म फैलिएको यो प्रदेशमा जम्मा ८ जिल्ला रहेको छ । यो प्रदेशको अधिकांश मानिस मैथिली, भोजपुरी र नेपाली बोल्ने गर्दछन्। धार्मिक र सांस्कृतिक धरोहरको केन्द्रको रूपमा रहेको जनकपुर, यो प्रदेशको राजधानीको रूपमा रहेको छ। प्राचीन किम्बदन्ती अनुसार यो विश्वास गरिन्छ कि यो क्षेत्र विदेह वंशको राजधानी थियो जसले प्राचीन मिथिलामाथि राज्य गरेको थियो । प्राचीन मिथिला प्रदेशको प्रभाव मिथिलादेखि पश्चिममा अवस्थित डोय सिम्रौनगढ राज्यसम्म पनि परेको थियो।

मिथिला जो यहाका प्राचीन राज्य रहेको छ त्यसका राजा जनकले समेत हलो जोतेका थिए। जसले कृषि पेसालाई प्रतिविलम्बीत गर्ने गरेको छ। अर्थात यसको विकासको आधार कृषि नै हो भन्ने सन्देश प्राचीनकाल देखि नै प्रतिविम्बीत भईरहेको अवस्था छ । तर, हामीले कहिलेपनि कृषिलाई भने मर्यादित पेसाको रुपमा विकास गर्न सकेनौं। कुनै समयमा मधेशका कृषिबाट उत्पादित वस्तुहरु भारतमा जाने गरेको थियो। खास गरेर चामल र गहुँ भारत जाने गरिएको थियो तर अहिले भारतबाट ल्याउनुपर्ने अवस्था छ। यसका प्रमुखकारण नै कृषि क्षेत्रमा देखिएको समस्या मात्रै हैन निर्वाहन मुखि कृषिको प्रबन्धन नै नदेखिएको अवस्था छ। गाउँ गाउँमा कृषि प्राविधिहरु पुग्न सकेको छैन भने भएकाहरु समेत अवकास पादै आएका छन्। जुसले कृषि क्षेत्रमा अहिलेपनि समस्याहरु नयाँ नयाँ थपिदै आएको छ।

मधेश प्रदेश सरकार गठन भएपछि आत्म निर्भर र समृद्ध मधेश, सुखि मधेशी भन्ने नयाँका साथ प्रदेश सरकारले दोश्रो आवधिक योजनाहरु संचालन गरिहेका छन्। जसको आधारको रुपमा समेत कृषिलाई नै लिइएको छ।

## आवधिक योजनामा यस्तो छ कृषिको योजना



मधेश प्रदेश सरकारले समेत आफनो पहिलो र दोश्रो योजनाहरुमा समेत कृषिलाई आधार बनाएको पाईन्छ तर यसको विकासको लागि जुन खालको प्रयासहरु हुनुपर्ने हो त्यस अनुसारले भने देखिदैनन् । कृषि यस प्रदेशको मुख्य आर्थिक आधार हो भने जनताको मुख्य पेसा र जीवन निर्वाहको मुख्य स्रोत पनि यही हो । प्रदेशका बहुसख्यक कृषकले एक हेक्टरभन्दा कम जमिनमा खेती गरिरहेका छन् । आ.व. २०७९÷८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.२ प्रतिशत थियो भने नेपालको कुल कृषि गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १९.१ प्रतिशत मात्र रहेको थियो।

यो प्रदेश खाद्यान्नको भण्डारका रूपमा पनि परिचित छ। आ.व. २०७८÷७९ मा यस प्रदेशको ६,२०,३७९ हेक्टर जमिन (देशको १७.८ प्रतिशत) मा खाद्यान्न बालीको खेती गर्दा २२,१०,९८९ मे.ट. खाद्यान्न (देशको २०.५२ प्रतिशत) उत्पादन भई ३.५६ मे.ट. प्रति हेक्टर उत्पादकत्व रहेको थियो। जुन देशको औसत उत्पादकत्व ३.०९ मे.ट. प्रतिहेक्टर रहेको थियो। खाद्यान्न बालीमध्ये धान यस प्रदेशको मुख्य वाली हो। आ.व. २०७८÷७९ मा नेपालमा कुल १४,७७,३७८ हेक्टरमा धान खेती गरिएको मध्ये यस प्रदेशमा ३८१,८९८ हेक्टर (देशको करिब २६ प्रतिशत) मा धान खेती भई १३.८९,२०५ मे.ट. धान उत्पादन (देशको २७ प्रतिशत) भएको थियो । यस प्रदेशमा धान खेतीको ३.६४ मे.ट. प्रतिहेक्टर उत्पादकत्व रहेको छ जुन देशको औसत उत्पादकत्व ३.४७ मे.ट. प्रति हेक्टरभन्दा बढी रहेको देखिन्छ।

मधेश प्रदेशमा करिब ६५ प्रतिशत खेतीयोग्य जमिन रहेको छ। कुल खेतीयोग्य जमिनको करिब ७८ प्रतिशत कृषि जमिनमा खाद्यान्न, ११ प्रतिशत जमिनमा दलहन, ४ प्रतिशतमा नगदेबाली र ३ प्रतिशतमा तेलबालीको खेती हुँदै आएको छ । देशको कुल उत्पादनमध्ये करिव २०.५२ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारी यसै प्रदेशमा उत्पादन गरिन्छ। यस प्रदेशमा आधारभूत खाद्य सुरक्षामा रहेको परिवार ८२.७ प्रतिशत र उच्च खाद्य असुरक्षित परिवार १.१ प्रतिशत रहेको छ। यस प्रदेशमा मुख्य गरी उष्ण फलफूलमा आँप, लिची, रुख कटहर, भुइँकटहर, केरा, मेवा, नरिवल आदि उत्पादन गरिन्छ । आ.व. २०७८÷७९ मा कुल ४,९९,३७४ मे.ट. उत्पादन भई प्रतिहेक्टर १४.६४ मे.ट. उत्पादकत्व रहेको छ जुन देशको औसत उत्पादकत्व १२.३५ मे.ट. प्रतिहेक्टर भन्दा बढी रहेको छ। देशको कुल आँप उत्पादनमध्ये ६८ प्रतिशत उत्पादन यसै प्रदेशमा मात्र हुने गरेको छ । प्रदेश सरकारको आवद्यीक योजनामा कृषिको तथ्यांकहरु प्रस्तुत गरिएको भएपनि यसको सम्भावना र कृषि क्षेत्रको उत्पादकत्व बढाउनको लागि ठोस रुप भने प्रस्तुत गरिएको पाइदैन।

कृषि क्षेत्रको समृद्धिको लागि मधेसको तिन वटै तहका सरकार बिचमा सबै भन्दा पहिला समन्वयको खाचो रहेको छ। त्यो भएको खण्डमा मात्रै कृषि क्षेत्रमा सुधार आउने छन। अर्को तर्फ कृषि क्षेत्रको विकासको लागि प्रविधि मैत्री खेतीको विकास गर्नुपर्ने आवश्यकता रहेको छ । उत्पादनशील र रोग प्रतिरोधी उन्नत बीउको प्रयोगले उत्पादनमा वृद्धि गर्न सकिन्छ । साथै, माटोको आवश्यकताअनुसार उन्नत जैविक र रासायनिक मलको सही मात्रामा प्रयोग गर्नाले उत्पादन बढ्छ। मधेसमा कृषि क्षेत्रमा देखिएको एउटा समस्या म्धये माटोको उर्वरा शक्तिमा आउने गरिएको हस समेत चुनौतीको रुपमा रहेको छ । यसको लागि सरकारले माटो परिक्षण पछि त्यसमा देखिएको समस्याहरुको निदानको विषयमा समेत आफनो सक्रियता देखाउनुपर्ने आवश्यकता रहेको छ।

कृषि सिँचाई प्रणालीको सुधार गर्नाले पानीको समुचित प्रयोग हुन्छ । ड्रिप सिंचाई र स्प्रिंकलर जस्ता प्रविधिहरूले पानीको बचत गर्दै उत्पादनमा वृद्धि गर्न सहयोग पु¥याउँछन् । सिचाई क्षेत्रमा देखिएको समस्याहरुलाई समाधानको लागि दिर्घकालिन योजनाहरुको निर्माण हुनपर्ने आवश्यकता रहेको छ। नदिको पानीहरु ऋहिले खेर भईरहेको अवस्था छ। त्यसलाई सुधार गरेर सिचाई प्रणालीसंग जोडेर लैजानुपर्ने आवश्यकता रहेको छ । नयाँ खेतीका प्रविधिहरूको अनुसन्धानमा लगानी गर्दै स्थानीय माटो, मौसम, र परिबेश अनुसारको कृषि समाधान विकास गर्न जरुरी छ । किसानहरूलाई आधुनिक खेतीका प्रविधिहरू, बजार व्यवस्थापन, मल र बीउको सही प्रयोगबारे तालिम दिन आवश्यक छ। यसले उनीहरूको क्षमता बढाउँदै राम्रो उत्पादनमा सहयोग पु¥याउँछ । केवल नारामा मात्रै कृषि सुधारको कुरा नराखेर त्यसलाई मुर्तरुप दिनुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा मात्रै कृषि क्षेत्रमा सुधार गर्न सकिन्छ।

# मुक्तिनाथमा सशुल्क घोडा र स्टेचर सुविधाले दर्शनार्थीलाई सुविधा



**मुस्ताङ ।**
मुक्तिनाथमा घोडचढी र स्टेचर सुविधाले मुक्तिनाथ दर्शन गर्ने श्रद्धालु भक्तजनलाई ठूलो सुविधा मिलेको छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ अन्तर्गत चारवटा गाउँका स्थानीय युवाले मुक्तिनाथ जाने दर्शनार्थीका लागि घोडचढी र स्टेचरमा बोकेर मुक्तिनाथ मन्दिरसम्म पु¥याउन सेवा दिइरहेका छन् । मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म पुग्न पुराङ रानीपौवाको बसपार्कबाट करिब ४५ मिनेटको समय खर्चिनुपर्ने हुन्छ । बसपार्कबाट मुक्तिनाथसम्म पैदल जान शारिरीक रूपले तन्दुरूस्त हुने दर्शनार्थीका लागि कुनै समस्या पर्दैन । तर, बसपार्कबाट मुक्तिनाथ मन्दिरको मुख्य प्रवेशद्वारसम्म पुग्न ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका दर्शनार्थीका लागि भने निकै समस्या र चुनौती छ । मुक्तिनाथको पहिले गेटबाट मन्दिर प्रवेशद्वारसम्म रेलिङसहितको ठाडो उकालो पैदल हिँड्नुपर्ने हन्छ । बसपार्कबाट पहिलो गेटसम्म समथर बाटो छ । बसपार्कबाट रानीपौवा बजार हुँदै मन्दिर जाने बाटोमा मोटरसाइकल र कुनै पनि सवारीसाधन लैजान पाइँदैन । यो त्यहाँको गाउँसमाजले बनाएको नियम हो । गाउँभित्रको पर्यटनमा असर नपुगोस् भन्ने हेतुले बसपार्कबाट माथि कुनै पनि सवारीसाधन लैजान निषेध नै गरिएको छ । यसैका कारण मुक्तिनाथका दर्शन गर्ने धोको बोकेर आइपुगेका दर्शनार्थी पैदल हिँड्न नसक्ने अवस्था भएमा घोडा वा स्टेचरमा चढेर मुक्तिनाथ पुग्नुपर्ने बाध्यता हुन्छ ।

वारागुङ मुक्तिक्षेत्र–१ अन्तर्गत खिङ्गा, झारकोट, मुक्तिनाथ रानीपौवा र छेङ्गुर गाउँका युवाले घोडामा चढाएर लैजान वैकल्पिक व्यवसाय चलाएका छन् । त्यहाँको चारवटा गाउँका युवाले मात्रै सशुल्क घोडा चढाएर दर्शनार्थीलाई मुक्तिनाथ पु¥याउने सेवा दिएका छन् । वारागुङ मुक्तिक्षेत्रका यी चारवटा गाउँबाहेक अन्यत्रका युवाले त्यहाँ गएर दर्शनार्थीलाई घोडामा चढाएर मुक्तिनाथ लैजाने काम गर्न पाउँदैनन् । यात्रीलाई घोडामा चढाएर मुक्तिनाथ ओसारपोसार गर्न समितिसमेत गठन गरिएको छ । घोडा समितिमार्फत घोडामा दर्शनार्थी लानेलैजाने सेवालाई व्यवस्थित गरिएको छ । यसरी रानीपौवा बसपार्कबाट मुक्तिनाथ प्रवेशद्वारसम्म दर्शनार्थी ओसारपोसार गरेबापत नेपाली आन्तरिक दर्शनार्थीलाई रू चार सय र भारतीय दर्शनार्थीलाई भारू चार सय शुल्क निर्धारण गरिएको छ ।

मुक्तिनाथ रानीपौवाका स्थानीय युवा उर्गेन पाल्देन गुरूङले घोडा चढाउने व्यवसायले स्थानीय युवालाई वैकल्पिक आयआर्जनको माध्यम बनेको बताए । देशमा युवा जनशक्ति पलायन भइरहेको अवस्थामा यहाँका युवाालाई गाउँमा रोक्न घोडा चढाएर मुक्तिनाथ लाने लैजान व्यवसायले निकै ठूलो योगदान दिएको बताए । गाउँमा विकाससँगै पर्यटनको सम्भावना बढिरहेको अवस्थामा पनि युवहरू वैदेशिक रोजागारमा जाने अवस्था रहेकाले यस प्रकारको घोडा चढाउने व्यवसायले यहाँका युवापङ्क्तिलाई यहीँ आर्यआर्जन गर्न सक्ने गतिलो माध्यम बनेको उनले बताए ।

वारागुङ मुक्तिक्षेत्र–१ को चारवटा गाउँमा एक २० घरपरिवारले मुक्तिनाथमा दर्शनार्थीलाई घोडा चढाएर जीविकोपार्जन गर्दै आइरहेका छन् । समितिअन्तर्गत सञ्चालन भएको दर्शनार्थीलाई घोडा चढाउने व्यवसायमा सबै गाउँका एकसाथ आएर पनि आलोपालो गरी दर्शनार्थी ओसारपोसार गर्न पाउँछन् । घोडाबाट दर्शनार्थी ओसारपोसार गर्न बिहानै ७ बजेभित्र घोडावाला धनीले नाम टिपाउनुपर्छ । नाम टिपाएपछि रोलक्रमअनुसार आलोपालो घोडा चढाएर मुक्तिनाथ लैजान पाउँछन् । यसरी दिनभरि घोडा चढाएरको पैसा हिसाब गरेर बाँड्छन् । मुक्तिनाथमा घोडाधनीले आफैँले र घोडा भएर पनि कर्मचारी राख्न चाहनेले त्यहाँ अस्थायी बसोबास गरेका व्यक्तिलाई घोडाबाट दर्शनार्थी ओसारपोसार गर्न खटाउन पाइन्छ । यसरी गैरव्यक्तिले घोडाधनीको घोडा प्रयोग गरेबापत आधा उठेको आधा ज्याला पाउँछन् । मुस्ताङमा सडक यातायातको सुविधा नहुँदा बेँसीबाट मालसामान ढुवानी गर्न र व्यक्तिगत प्रयोजनका लागि अधिकांशले घोडा पाल्ने गर्थे । पछिल्लो समय मुस्ताङमा यातायातको पहुँच जोडिएपछि पालन गरिएका घोडा विस्थापित हुन थाले । सडकमार्फत सहजै मालसामान ढुवानी गर्न सकिने अवस्था आएपछि मुस्ताङका घोडा लोप हुँदै गए । तर, मुस्ताङमा पालिएका घोडा संस्कृतिसँग पनि जोडिएका छन् ।

उपल्लो मुस्ताङ र बाह्रगाउँ क्षेत्रका गुरूङ र विष्ट समुदायले महत्त्वपूर्ण चाडपर्वमा घोडाको संस्कृतिसँग जोडेर पर्व मनाउँछन् । तल्लो मुस्ताङका आंशिक थकाली समुदायले पनि विशेष पर्वमा घोडालाई संस्कृतिको रूपमा प्रयोग गर्ने गरेका छन् । वारागुङ–१ खिङ्गाका स्थानीय युवा सञ्जय गुरूङले मुस्ताङका लागि घोडा सांस्कृतिक धरोहर भएको उल्लेख गर्नुभयो । उनले यार्तुङ, धज्याङ, ल्होसार, तिजीलगायत पर्वमा सांस्कृतिक वेशभुषा पहिरिएर घोडामा चढेर पर्व मनाउने प्रचलन छ । मुक्तिनाथ क्षेत्रमा दर्शनार्थीलाई घोडा चढाएर लैजाने व्यवसाय गर्न नपाउने होभने बाह्र गाउँका घोडासमेत विस्थापित हुने स्थानीय युवा गुरूङको भनाइ छ ।

यसैगरी मुक्तिनाथमा युवाहरूले घोडा चढ्न नसक्ने अवस्थाका दर्शनार्थीलाई स्टेचरमा बोकेर मुक्तिनाथ लाने लैजाने गर्छन् । मुक्तिनाथ बसपार्कबाट मुक्तिनाथ मन्दिर लाने लैजाने गरेबापत उनीहरूले नेपाली दर्शनार्थीलाई चार हजार र भारतीय दर्शनार्थीलाई भारू चार हजार लिने गर्छन् । यसरी मुक्तिनाथमा स्टेचर बोकर लैजान चार जना युवाको आवश्यकता पर्छ । मुक्तिनाथमा स्थानीय युवाहरूले सञ्चालन गरेको स्टेचरमा राखेर मुक्तिनाथ लानेलैजाने व्यवसायले ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका दर्शनार्थीलाई निकै ठूलो सहयोग मिलेको छ । सशुल्क सेवा भए पनि मुक्तिनाथ दर्शन गर्न जाने यस प्रकारको व्यवसायले मुक्तिनाथ दर्शन गर्न लाखौँ खर्चिएर आउने दर्शनार्थी भक्तजनका लागि निकै ठूलो सेवा सहयोगको माध्यम बनेको छ । रासस

# पर्यटक आकर्षित गर्दै तेह्रथुमको चाङलुङ गुफा



**तेह्रथुम ।**
छथर गाउँपालिका–६ सुदापमा रहेको चाङलुङ गुफामा पछिल्लो समय आन्तरिक पर्यटकको नजरमा पर्न थालेको छ । स्थानीय सरोकारवालाको पहलमा चाङलुङ गुफाको पर्यटन प्रवद्र्धन र प्रचारप्रसारको काम थालिएपछि उक्त स्थान पर्यटकको नजरमा पर्न थालेको हो ।

चाङलुङ गुफा क्षेत्रमा हरेक दिनजसो आन्तरिक पर्यटक पुग्ने गरेका छथर गाउँपालिका–६ का वडाध्यक्ष महेन्द्र मादेनले बताए । उनका अनुसार हिउँदयाम वनभोज खाने र विशेष अवसरमा चाङलुङ गुफामा आन्तरिक पर्यटकको घुइँचो लाग्छ । करिब ३८ रोपनी क्षेत्रफलमा फैलिएको सो क्षेत्रमा एक सय ५० मिटर लामो गुफा प्रकृतिको अनुपम उपहारका रूपमा रहेको छ । ‘टर्चलाइट’को सहायतामा अँध्यारो गुफा पार गर्दा मनमा केही डरसँगै रोमाञ्चक अनुभूति हुन्छ । यहाँ अन्य स–साना थुप्रै गुफा छन् । प्राकृतिक रूपमै मिलेर बसेका ढुङ्गाका थाक, ठुल्ठूला चट्टान, पहरा, विभिन्न प्रजातिका वनस्पति र चराचुरङ्गीको आवाजले चाङलुङ गुफा विचरणलाई थप यादगार बनाउँछ ।

यहाँ चाङलुङ देवी, मच्छिन्द्र देवीलगायत अन्य देवीदेवताको बासस्थान रहेको किंवदन्ती छ । स्थानीयले तिनको विशेष पूजाआराधना गर्दै आएका स्थानीय रमेश खड्काले बताउनुभयो । किंवदन्तीअनुसार प्राचीनकालमा चाङलुङ गुफाबाट चार किलोमिटर माथिको दारेगौँडाबाट एक बिजुवानी र एक कुकुर गुफाभित्र छिर्दा कुकुर मात्र चाङलुङ गुफामा निस्कियो । बिजुवानीभित्रै कतै अलप भइन् । उनी नै चाङलुङ देवी र मच्छिन्द्र देवीका रूपमा परिणत भएको विश्वासमा स्थानीयले पूजाआजा गर्न थालेको र यहाँ शक्तिशाली देवी रहेको विश्वास रहेको स्थानीय बुद्धिमान लिम्बूले बताए ।

चाङलुङ गुफाको पर्यटन प्रवद्र्धनमा तीनै तहका सरकारले लगानी गरेका छन् । विसं २०७५ यता चाङलुङ गुफा पर्यटन प्रवद्र्धनमा तीन तहका सरकारका रु तीन करोड बजेट खर्च भइसकेको छथर गाउँपालिका अध्यक्ष सन्तवीर लिम्बूले बताउनुभयो । पर्यटक आकर्षित गर्न स्वागतद्वार, चट्टाने पहराको टुप्पोमा रिफ्रेसमेन्ट (हावाघर), सिँढी मार्ग, रेलिङ, फलैँचा, लभपार्कजस्ता संरचना निर्माण गरिएका छन् । कतिपय संरचना निर्माणाधीन अवस्थामा रहेका वडाध्यक्ष मादेनले बताउनुभयो । प्राकृतिक रूपमा अत्यन्तै सुन्दर र अनौठो लाग्ने चाङलुङ गुफालाई भविष्यमा पूर्वकै अब्बल पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको छथरका अध्यक्ष लिम्बूले बताउनुभयो । कोशी राजमार्गअन्तर्गत धनकुटाको सिधुवा बजारबाट शुक्रबारे बजार हुँदै छथर गाउँपालिका–५ मार्सेसम्म १२ किलोमिटर पक्की सडक र त्यहाँबाट तीन किलोमिटर कच्ची सडक हुँदै चाङलुङ गुफा पुग्न सकिन्छ । रासस

# पूरै दिनको यात्राअवधि चार घण्टामा छोटियो

**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–१ गुर्जाको जनकल्याण माविकी प्रअ न्याउली छन्त्याल यसअघि काम विशेषले पालिकाको केन्द्र मुना आउँदा पूरै दिन पैदलयात्रा गर्नुहुन्थ्यो । पालिकाको केन्द्रमा आएर काम सकेर फर्कँदा कम्तीमा तीन दिन लाग्दथ्यो । धवलागिरिका प्रअहरूको बिहीबार भएको नियमित बैठकमा सहभागी हुनभने छन्त्याल घरबाट हिँडेको चार घण्टामै मुना पुगे । ‘लुलाङ–गुर्जा सडकअन्तर्गत देउरालीसम्म गाडी चल्न थालेपछि पूरै दिनको यात्राअवधि चार घण्टामा छोटिएको छ’, उनले भने, ‘दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पु¥याउन सहज भएको छ ।’



भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गुर्जावासीको यात्राअवधि छोटिएको छ । अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जा म्याग्दीको छवटा स्थानीय तहका ४५ मध्ये सडक यातायातको सुविधा नपुगेको एकमात्र वडा हो । लत्रवाङसम्म सडक पुगे पनि हिउँ थुप्रिएकाले तीन हजार तीन सय मिटर उचाइको देउराली धुरीसम्म जिप, ट्र्याक्टर, मोटरसाइकल चल्न थालेका छन् । हिउँ पग्लिएपछि देउरालीबाट लत्रवाङसम्मको करिब थप पाँच किलोमिटर सडकमा पनि सवारीसाधन सञ्चालन गर्न सकिन्छ । लुलाङबाट देउरालीसम्म पुग्न उकालोमा तीनदेखि चार घण्टा हिँड्नुपर्ने यात्राअवधि सडक निर्माण भएपछि ३० मिनेटमा छोटिएको देउरालीका बासिन्दा मोदीमान श्रीपालीले बताए । ‘गुर्जाका मानिस बिरामी भएर अस्पताल पुर्याउन डोकामा बोकेर ल्याउँथे’, उनले भने, ‘समयमै अस्पताल पुग्न नसकेर कतिले बाटोमै ज्यान गुमाएका छन् ।’

गुर्जासम्म सडक नपुगेपनि बीच बाटोसम्म गाडी चल्न थालेपछि गुर्जावासीको आधाभन्दा बढी बाटो पैदलयात्रा गर्नुपर्ने बाटो छोटिएको श्रीपालीले बताए । गुर्जासम्म सडक पु¥याउन थप करिब १० किलोमिटर मार्ग निर्माण गर्नुपर्छ । गत वर्ष भएको ठेक्का सम्झौतामार्फत लुलाङबाट देउराली हुँदै लत्रवाङ नजिकसम्म नौ दशमलव पाँच किलोमिटर मार्ग खुलेको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए । ‘गत आर्थिक वर्षमा सङ्घीय, गण्डकी प्रदेश सरकार र धवलागिरि गाउँपालिकाले दुई–दुई करोड रुपैयाँका दरले बजेट विनियोजन गरेको लुलाङ–गुर्जा सडक योजनाका लागि रारा तेन्जिन कन्ट्रक्सनले तीन करोड ८० लाखमा ठेक्का सम्झौता गरेको थियो’, उनले भने, ‘गाउँपालिकाले कार्यान्वयन गरेको तीनै तहका बजेटको उक्त योजनाको काम हालै सकिएको हो ।’ योजनामार्फत सडकको मार्ग खोल्नुका साथै विभिन्न ठाउँमा ग्याबियन, मेसिनरी र पलम पर्खाल पनि निर्माण भएको छ । यसअघि गाउँपालिकाको केन्द्र मुना हुँदै वडा नं २ लुलाङसम्म सडक पुगिसकेको थियो । आर्थिक वर्ष २०७९÷८० मा गाउँपालिका र गण्डकी प्रदेश सरकारको लगानीमा लमसुङबाट लुलाङ हुँदै चार किलोमिटर चार सय मिटर सडकको मार्ग निर्माण भएको थियो । धवलागिरिका प्राविधिक शाखाका प्रमुख लोकेन्द्र रावलका अनुसार मुनाबाट लत्रवाङसम्मको सडकको दूरी २५ किलोमिटर छ ।

लत्रवाङबाट गुर्जातर्फ सडक निर्माणका लागि सङ्घीय सरकार र गाउँपालिकाको साझेदारीमा विनियोजन भएको ७० लाख रुपैयाँ बजेट भएको योजना ठेक्का सम्झौताको प्रक्रियामा रहेको रावलले बताए । प्रदेश सरकारले विनियोजन गरेको ५० लाख रुपैयाँको बजेटबाट पूर्वाधार विकास कार्यायलले लुलाङ–देउराली खण्डमा स्तरोन्नतिको काम शुरू भएको छ । सङ्घीय सरकारले सडक डिभिजन कार्यालय बागलुङमार्फत विनियोजन गरेको एक करोड बजेटमार्फत बाङखोलामा पर्खाल, ग्रेड सुधार र महतलाको भिरमा ढलानको काम शुरू भएको छ । अर्को शीर्षकमा विनियोजन भएको एक करोड रुपैयाँ बजेटको योजनामार्फत लमसुङ–स्थानीय पूर्वाधार विकास आयोजना पोखराबाट ठेक्का आह्वान भएको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको छ ।

एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरपरिवार रहेको गुर्जाको जनसंख्या एक हजार पाँच सय पाँच जना छ । खानी उत्खननका लागि आएका छन्त्याल र दलित समुदायले गुर्जामा बस्ती बसाएका इतिहास छ । सडकको पहुँच नहुँदा खच्चड, घोडा र भरियामार्फत खाद्यान्न तथा निर्माण सामग्री ढुवानी गर्दा खर्च महँगो लाग्ने गरेको छ । बिरामीलाई अस्पताल पुर्याउन हेलिकप्टर चार्टर गर्नुपर्छ । सडक यातायातको सुविधा भएपछि गुर्जाका बासिन्दालाई सहज हुनुका साथै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने अपेक्षा गरिएको छ । रासस

# ‘कृषि क्षेत्र क्रमशः आधुनिकीकरणतर्फ अग्रसर भइरहेको छ’

*‘कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मन्त्रालय तथा मातहतका निकायबाट रासायनिक मलको सहज आपूर्ति तथा वितरण, उन्नत बीउबिजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रवद्र्धन, रैथाने बाली, पशु तथा कृषि जैविक विविधता संरक्षण एवम् प्रवद्र्धन, बालीले ढाकेको क्षेत्र विस्तार, सिञ्चित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान गरिएको छ ।’*



**काठमाडौँ ।**

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्र परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीबाट क्रमशः आधुनिकीकरण तथा व्यवसायीकरणतर्फ अग्रसर भइरहेको बताएका छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूले गरेका कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको जवाफ दिँदै उनले नेपालको संविधान २०७२ को मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहबाट कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालन हुँदै आएको बताए ।

स्वदेशमै खाद्यान्न, फलफूल, दूध, अण्डा, मासु र तरकारी आदिमा प्रशस्त उत्पादन गरेर विदेशी आयात निरुत्साहित पार्ने तथा देशलाई आत्मनिर्भर बनाउनेतर्फ कस्तो योजना छ ? भन्ने प्रश्नको जवाफमा उनले कृषि क्षेत्रको यान्त्रिकीकरण तथा व्यवसायीकरणसँग सम्बन्धित कार्यक्रमबाट विभिन्न खाद्यान्न, तरकारी, फलफूललगायत बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको बताए । चालु आर्थिक वर्षमा धानको उत्पादन गत आवकोभन्दा दुई लाख ३१ हजार मेट्रिक टनले बढेर कूल ५९ लाख ५५ हजार मेट्रिक टन भएको उनले जानकारी दिए ।

मन्त्री अधिकारीले भने, ‘कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मन्त्रालय तथा मातहतका निकायबाट रासायनिक मलको सहज आपूर्ति तथा वितरण, उन्नत बीउबिजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रवद्र्धन, रैथाने बाली, पशु तथा कृषि जैविक विविधता संरक्षण एवम् प्रवद्र्धन, बालीले ढाकेको क्षेत्र विस्तार, सिञ्चित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान गरिएको छ ।’

उनले प्रमुख कृषि पूर्वाधारहरूको निर्माण, पशु नश्ल सुधार, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, खाद्यवस्तुको मापदण्ड तयारी तथा बजार अनुगमन र नियमनलगायत कार्यक्रमलाई नियमित रुपमा सञ्चालन भइरहेको पनि बताए । ‘कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली लगाउनुपूर्व नै मुख्य बाली वस्तुहरूको न्यूनतम समर्थन मूल्य तोक्ने, रासायनिक मलको सहज आयात तथा वितरण व्यवस्थापन, पशुपन्छीमा लाग्ने रोगविरूद्ध खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, कृषि बिमा र किसान सूचीकरणको दायरा विस्तारलगायतका प्रमुख कार्यक्रममा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्’, मन्त्री अधिकारीले भने ।

उत्पादकत्व ३ दशमलव ९८ मे टनप्रति हेक्टरबाट बढेर ४ दशमलव १९ मे टन पुगेको छ । ताजा तरकारी र फलफूलको क्षेत्रफल र उत्पादन तथा उत्पादकत्वसमेत बढ्दै गएको उनको भनाइ छ । मन्त्री अधिकारले हाल बाह्र महिना ताजा तरकारी उपलब्धता तथा स्याउ, सुन्तला, केरा र आँपजस्ता प्रमुख फलफूलहरूको उत्पादनको हिस्सा स्वदेशी बजारमा बढ्दै गएको र पशुपन्छीजन्य उत्पादनमा देश आत्मनिर्भरतातर्फ अघि बढिरहेको बताए ।

आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार दूध उत्पादन २६ लाख १६ हजार मे टन, माछा एक लाख १९ हजार मे टन, मासु चार लाख ३१ हजार मे टन र अण्डा एक अर्ब ६० करोडभन्दा रहेको उहाँले बताए । ‘संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनले सिफारिस गरेअनुसार प्रतिव्यक्ति प्रतिवर्ष मासु १४ केजी, अण्डा ४८ वटा र दूध ९१ ली आवश्यक पर्दछ भने हाल मासु २१ केजी, अण्डा ५५ बटा र दूध ८९ दशमलव ६ लिटर आवश्यक हुनेमा सो को परिपूर्ति स्वदेशी उत्पादनबाट नै भइरहेको देखिन्छ”, मन्त्री अधिकारीको भनाइ थियो ।

**‘सरकारले आयातलाई निरुत्साहन र निर्यातलाई प्रोत्साहन गर्दै लगेको छ’**

मन्त्री रामनाथ अधिकारीले खाद्यान्न, फलफूल, दूध, अण्डा, मासु र तरकारी आदिमा आन्तरिक उत्पादनमा वृद्धि तथा विदेशी आयातलाई निरुत्साहित गर्न सरकारले विभिन्न कार्यक्रमलाई प्राथमिकता दिने योजना रहेको बताएका छन् । राष्ट्रियसभाको बैठकमा उठेका प्रश्नको जवाफ दिने क्रममा उनले कृषिउपजको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विशेष कृषि उत्पादन कार्यक्रममार्फत रासायनिक मलको समयमा उलब्धता सुनिश्चित गर्ने योजना रहेको बताए । मन्त्री अधिकारीको भनाइ थियो, ‘बीउ प्रवद्र्धन तथा गुण नियन्त्रण कार्यक्रममार्फत गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गरी खाद्यन्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र नेपाल कृषि अनुसन्धान केन्द्र, कृषि विभाग र पशु सेवा विभागअन्तर्गत स्थापना भएका स्रोत केन्द्रमा उत्पादन भएका गुणस्तरीय सामग्री (बीउ, बेर्ना, पशुपन्छी नश्ल) को उपलब्धता वृद्धिगरी गुणस्तरीय स्रोत सामग्रीमा आमकृषकको पहुँच वृद्धि गर्ने सरकारको योजना छ ।’

उनले चालु आव २०८१/०८२ को बजेट तथा कार्यक्रममार्फत कृषि प्रसार सेवामा कृषकको पहुँच वृद्धिका लागि सङ्घीय निकाय, प्रदेश तहका निकाय र स्थानीय तहमार्फत सेवा प्रवाह भइरहेको पनि संसद्मा जानकारी गराए । स्थानीय तहमा जनशक्ति अभावलाई सम्बोधन गर्न छ सय १४ स्थानीय तहमा एक हजार आठ सय ६२ जना प्राविधिकका लागि ‘एक गाउँ एक प्राविधिक’ अन्तर्गत तलब भत्ता कार्यक्रम, दुई सय ५० स्थानीय तहमा एक पालिका एक भेटेरिनरी डाक्टर र चार सय ६७ स्थानीय तहमा कृषि अधिकृतका लागि कृषि स्नातक करार कार्यक्रममा ससर्त वित्तीय हस्तान्तरणलाई प्राथमिकता दिइएको अधिकारीले उल्लेख गरे । ‘प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र बृहत्तर व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रममार्फत बाली÷वस्तु विशेषको उत्पादन तथा उत्पाकत्व वृद्धि लक्षित कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन भइरहेको छ’, उनले भने । फलफूल बालीमा आत्मनिर्भरताका लागि सुन्तला बालीलाई राष्ट्रिय फलका रूपमा घोषणा गरिएको र राष्ट्रिय फलमा केन्द्रित रही नमुना सुन्तला बगैँचा स्थापनासहित गुरु किसान परिचालन र क्षेत्रफल विस्तारः गुरु किसान छनोट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम, सुन्तला बालीलगायत अन्य फलफूल बालीको सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनलाई प्राथमिकता दिइएको पनि उनले बताए ।

मन्त्री अधिकारीले पहाडी क्षेत्रमा बाँझो तथा खेतीयोग्य जमिनमा फलफूलखेती विस्तारका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनामार्फत कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिममा प्रभावकारी रूपमा सञ्चालन गराउने योजना पनि सुनाए ।

प्रमुख खाद्यान्न बाली धान, मकै, गहु र रैथाने बाली प्रवर्द्धन कार्यक्रम, साना सिँचाइ पूर्वाधार निर्माण, भण्डारण पूर्वाधार तथा पशुपन्छीहरूमा महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम, कृत्रिम गर्भाधान मिसन कार्यक्रम, कम्पार्टमेन्टलाइजेसन कार्यक्रम, गाईभैँसीपालन असल अभ्यास प्रवद्र्धन कार्यक्रम, डेरी प्रवद्र्धन कार्यक्रम, आधारभूत प्रयोगशाला कार्यक्रम, बाखा स्रोत केन्द्र स्थापना सहयोगजस्ता कार्यक्रमहरू गर्ने योजना रहेको उनले सुनाए । रासस

# विदेशबाट फर्केर पशुपालनसँगै मौरीपालनमा रमाइरहेका मनराज



**सुनसरी ।**

करिब एक दशक लामो वैदेशिक जीवन बिताएर स्वदेश फर्किएर व्यावसायिक पशुपालन र मौरीपालनमा रमाइरहेका इटहरीका किसान मनराज राम्रो आम्दानी भइरहेको बताउँछन् । इटहरी उपमहानगरपालिका–१९ का मनराज पुरी आठ वर्ष साउदी र मलेसियामा काम गरेर स्वदेश फर्किएका हुन् । उनले सानो लगानीबाट पशुपालन र मौरीपालनमा गरेका थिए । अहिले त्यही व्यवसाय ठूलो आम्दानीको स्रोत बनेको उनी बताउँछन् । आफूले १७ वर्षको उमेरमा बाबुआमा गुमाएको सुनाउँदै मनराजले भने । ‘विदेशमा गएर दुःख र मेहेनत गरेर कमाएको थोरै पैसा आफ्नो देशमा लगानी गरेर केही व्यवसाय शुरू गरौँ भन्ने सोच राखे, अरू बिजनेस गर्ने सोच भए पनि तरिका खासै नभएका कारण पशुपालनमा लगानी गरेर शुरू गरेँ ।’

गाईबाख्राबाट व्यवसाय शुरू गरेका उनले पछिल्लो समय मौरीपालन शुरू गरेका छन् । अहिले मौरीबाट राम्रो आम्दानी भइरहेको उनी भन्छन् । ‘यो व्यवसायले आफू आत्मनिर्भर बनेको जस्तो महसुस भएको छ, आफ्नो व्यवसायले दिने जति आनन्द अरूको नोकरी गर्दा पाइँदैन’, उनले भने, ‘अहिले यही व्यवसायबाट वार्षिक रूपमा रू आठदेखि नौ लाखसम्म कमाइ हुने गरेको छ, घरव्यवहार सबै यही कमाइले पुगेको छ ।’ व्यावसाय सुरू गर्दा चुनौती र अवसर त हुन्छन् नै । गाईपालन गर्दा दूध उत्पादन गरी बिक्री गर्न गाह्रो पो होला बजार नपाइएला भन्ने लागेको थियो तर निकै सहज भएको उनको बुझाइ छ । ‘अहिले दैनिक रूपमा ४० देखि ५० लिटरसम्म दूध आफैँले स्थानीय बजार होटल र डेरीमा बिक्रीका लागि पुर्याउने काम गरिरहेको छु’, मनराज भन्छन् ।

उनले अगाडि भने, ‘विदेशमा गएर अर्काको दुःख गर्नुभन्दा आफ्नै देशमा सानोतिनो लगानी गरेर भए पनि राम्रो आम्दानी गर्न सकिन्छ । गाउँमै रोजगारीको सिर्जना पनि हुने अरूलाई पनि रोजगार दिन सकिने आफू लागि पनि रोजगार हुने ।’ मनराजले पशुपालन व्यवसाय शुरू गरेसँगै गाईफार्ममा दुई जना कामदार राखेका थिए । गाउँमै रोजगार दिन पाउँदा आफूलाई गर्व महसुस भएको उनी बताउँछन् । ‘आठ वर्षदेखि उहाँहरूले काम गर्दै आउनुभएको छ, महिनामा रू २२ हजार काम गरेबापतको तलब दिने गरेको थिए’, पुरीले भने, ‘पछिल्लो केही महिनाअघि उनीहरूले काम छाडेपछि अहिले हामी आफैँ परिवार मिलेर व्यवसाय सञ्चालन गरिरहेका छौँ ।’ ‘गाई र खसीबाख्रालाई दिने घासको खासै दुःख छैन, आफैँले गाईलाई दिने घाँस आफ्नै बारीमा रोपेका छौँ’, उनले भने, ‘एक बिघा बढी जग्गामा धानखेती गर्ने गरेका छौँ । त्यहाँबाट गाईका लागि पराल घाँस आउँछ, घासँको दुःख हुँदैन घाँस बाहिरबाट खासै खरिद गर्न परेको छैन ।’ उनका अनुसार खसीबाख्राचाहिँ अझ केही चरन र डालेघाँस बढाएर पाल्न सकियो भने सम्भावना राम्रो छ ।



मनराजले मौरीपालनमा राम्रो आम्दानी हुने देखेपछि एक वर्ष अगाडि चार घार मौरी किनेर शुरू गरेका छन् । अहिले उनीसँग ४० घार बढी मौरी रहेका छन् । उनले भने, ‘शुरूमा हेर्दा मौरीबाट के आम्दानी होला र जस्तो लाग्ने तर विस्तारै घार बढाउँदै लगेँ र यहाँबाट राम्रो आम्दानीको सम्भावना देखेपछि अहिले मौरीपालनलाई अझ बढी प्राथमिकता दिएर सञ्चालन गरिरहेको छु ।’

‘मौरीपालन अरूले गरेको देखेर सुरू गरेको हुँ, सम्भावना पनि राम्रो देखेको छु’, उनले भने, ‘मौरी फूलको सिजनमा भने धेरै उत्पादन गर्न सकिन्छ २२ देखि ३० दिनमा मह काढ्न मिल्छ, उत्पादन पनि धेरै हुन्छ ।’ फूल फुल्ने सिजन र स्रोत नहुँदा भने कहिले तीन महिनासम्म समय लाग्ने गरेको उनी अनुभव सुनाउँछन् ।

मनराजले मौरीको घार गोटाको १४ हजार रुपैयाँमा खरिद गरेर पालिरहेका छन् । एउटा घारमा एक पटक मह काढ्दा छ केजीसम्म उत्पादन हुने गरेको उनले बताए । उनले भने, ‘बिक्रिका लागि इटहरीकै स्थानीय बजारमा बिक्री गर्दै आएको छु ।’ गाउँमै मौरीपालन र परामर्श तालिम किसानले लिन पाए भने मौरीपालनबाट राम्रै आम्दानी गर्न सकिन्छ । गाउँमा नै उत्पादन गरिएको अग्र्यानिक मह बिक्री गरी राम्रो मूल्य लिन सकिने उनको अनुभव छ । अहिले उनले मह प्रतिकेजि सात सय ५० देखि एक हजार रुपैयाँसम्ममा घरबाट नै बिक्री गर्ने गरेको बताए ।

मौरीपालन कम लगानीबाट पनि शुरू गर्न सकिन्छ । लगानी गरेर यसलाई राम्रो दिगो आम्दानीका रूपमा गर्न सकिने व्यवसायका रूपमा लिन सकिन्छ । राम्रो व्यवस्थापन बजारको अध्ययनसँगै आधुनिक प्रविधिसँगै सरकारबाट राम्रो अनुदान पाउनसके मौरीपालनबाट पनि आम्दानीको सम्भावना बढ्दै जाने उनको भनाइ छ ।

# जनताको भावनाअनुरुप संविधान संशोधन गर्नुपर्छः उर्मिला अर्याल




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को स्थायी कमिटी सदस्य उर्मिला अर्याल राष्ट्रियसभाको सदस्य हुन् । उनी पार्टीको स्थानीय विभाग विभाग प्रमुख पनि हुन् । २०२८ सालदेखि अनेरास्ववियुको सदस्य हुँदै राजनीति शुरु गरेकी अर्याल राष्ट्रियसभाको पूर्व उपाध्यक्ष हुन् । नेकपा एमालेमा रहेर लामो समय वामपन्थी राजनीति गरेकी उनी दुई पटक मन्त्री भएकी छन् । पर्सा जिल्ला स्थानी घर भइकी उनी २०५६ सालमा पहिलो पटक निर्वाचन जितेर प्रतिनिधिसभाको सांसद भएकी थिइन् । मैले दुई पटकमन्त्री भएर जनताको सेवा गर्ने मौका पाएकी छु । एक पटक राष्ट्रियसभाको उपाध्यक्ष भएर काम गरेकी छु । अहिले पछिल्लो पटक राष्ट्रियसभामा आएको तीन वर्ष पूरा भयो । राष्ट्रियसभाको उपाध्यक्ष हुँदा मैले जनताको पक्षमा धेरै काम गरेकी छु । राष्ट्रियसभा भनेको अनुभवी सदस्यहरु भएको थलो हो भन्ने मलाई लाग्छ । नेपाली राजनीतिमा खारिएका नेताहरु नै राष्ट्रियसभामा हुनुहुन्छ । राष्ट्रियसभामा सबै जातजाति र समुदायको प्रतिनिधित्व भएका कारणले पनि परिपक्कता छ भन्न सकिन्छ ।

संविधान कार्यान्वयनको अवस्थालाई हेर्दा, संविधान बनाउँदा सबै राजनीतिक दलका नेता मिलेर बनाइएको हो । तर कार्यान्वयनमा दल र दलका नेताको जागरुकता त्यति देखिँदैन । यो संविधान राजनीतिक दलको लामो सङ्घर्षबाट प्राप्त भएको हो । संविधानमा सबै जातजाति, भाषाभाषीको अधिकार सुनिश्चित भएको छ । कार्यान्वयनको सवालमा सांसदहरु सत्तामा नजाउन्जेल कानुन बनाउनुपर्छ भन्ने तर सत्तामा गएपछि बिर्सिने चलन छ । यसको मतलब यो नौ वर्षको अवधिमा कार्यान्वयन हुँदै भएन भन्ने होइन । तर जति कार्यान्वयन हुनुपर्ने हो, त्यति भएको छैन । मौलिक हक अन्तर्गतका सबै कानुन बन्न सकेका छैनन् । संसद् भनेको जनताका सवाललाई मुखरित गर्ने थलो पनि हो । संसद्मा जनताका सवालले भने प्राथमिकता पाएको देखिन्छ । सांसदहरुले जनताको सवालमा जति आवाज उठाएका हुन्छन्, त्यति सरकारले कार्यान्वयन गरेको देखिँदैन ।



संविधान संशोधनको विषयमा भन्नुपर्दा, संविधान संशोधन अल्पमत र बहुमत भन्दा पनि जनताको सुझावको आधारमा सबै राजनीतिक दलको सहमतिमा हुनुपर्छ । कुनै एक पार्टीको अनुकूलतामा संविधान संशोधन गरिनु हुँदैन । जनताको भावना बुझेर मात्रै संशोधन गर्नुपर्छ । संविधान संशोधनको नाममा कसैको पनि अधिकार कटौती गरिनु हुँदैन । तत्कालको फाइदाका लागि भन्दा पनि दीर्घकालीन सोच राखेर जनताको पक्षमा संशोधन गर्नुपर्ने हुन्छ । अहिले राज्यका निकायमा महिलाको प्रतिनिधित्व हुँदै भएको छैन भन्ने होइन । नेपाली महिलाहरु राष्ट्रपति, सभामुख, उपसभामुख, प्रधानन्यायाधीश, मन्त्री, मुख्यसचिव, राष्ट्रियसभाको उपाध्यक्ष भएकी छन् । तर महिलाको निमित्त यो नै पर्याप्त होइन । मुलुकको मुख्य कार्यकारी पदको नेतृत्व महिलाले गर्न पाउनुपर्छ । नेपाली राजनीतिमा अहिले पनि एउटै व्यक्ति चार पटक पाँच पटकसम्म प्रधानमन्त्री भएकी छन् । जीवनभरी पार्टीको नेतृत्व तहमा छिन् । त्यो संस्कार र प्रवृत्ति गलत छ । एउटै व्यक्ति दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था हुनुपर्छ । अब राजनीतिक पार्टीको नेतृत्वमा पनि दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्था हुनुपर्छ । देशको नेतृत्व युवा पुस्ताले गर्नै पाएको छैन । कति बुढाले मात्रै देश चलाउने, अब युवालाई पनि अवसर दिनुपर्छ जस्तो लाग्छ । अहिले महिलालाई समानुपातिकमा मात्रै सीमित गरिएको छ । उनीहरु प्रत्यक्ष निर्वाचन लड्न पनि सक्षम छन् । महिलाको लागि पूर्ण समानुपातिक प्रणाली लागू गर्नुप¥यो ।

सङ्घीयता सुदृढीकरण गर्नका लागि प्रदेश र स्थानीय सरकारलाई अझ बढी स्वायत्त बनाउनु पर्दछ । पटक–पटक सरकार परिवर्तन भइरहने करणले पनि सङ्घीयता कार्यान्वयनमा समस्या देखिएका छन् । रोजगारी सिर्जना गर्नेतर्फ कुनैपनि सरकारले ठोस् ध्यान दिएको छैन । अहिलेका युवा नेपाल नै बस्न नचाहने जस्तो भइसक्यो । उनीहरुलाई विदेश जानबाट रोक्नका लागि पनि सरकारले युवामैत्री कार्यक्रम ल्याउनुपर्ने हो ।
भएका कलकारखाना पनि अहिले सबै बन्द भएका छन् । हाम्रो निर्वाचन प्रणाली महङ्गो भएका कारण पनि नेताहरु कुनै उद्योग खोल्नेभन्दा पनि निर्वाचनमा लागेको खर्च उठाउन तल्लिन भएका देखिन्छन् । त्यसैले यो निर्वाचन प्रणाली परिर्वतन गर्नुपर्ने हुन्छ । नेपालको शिक्षा प्रणालीलाई उन्पादनमुखी बनाउनुपर्ने छ । शिक्षाको गुणस्तरमा ध्यान दिन जरुरी छ । अर्को कुरा स्थिर सरकार नहुँदा पनि विकासमा प्रभाव पारेको हुन्छ । हाम्रोमा स्थायी सरकार कहिलै भएन । खालि सरकार बनाउने र ढाल्ने काम मात्रै भएको छ ।

अहिले पनि नेपाली छोरीहरु एक्लै हिँडडुल गर्न सक्ने अवस्था छैन । देशका विभिन्न ठाउँमा महिलामाथि बलात्कार समेतका यौन उत्पीडनका घटनाहरु भइरहेका छन् । महिलामाथि हुने हिंसा अन्त्य भएको छैन । महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्नेतर्फ मेरो भूमिका हुनेछ । यो विषयमा अहिले पनि संसद्मा आवाज उठाइरहेकी छु । देशको व्यवस्था परिवर्तन भएको छ । तर जनताको अवस्थामा परिवर्तन आउन सकेको छैन । अब मेरो भूमिका जनताको अवस्था परिवर्तन गर्नेमा हुनेछ । उनीहरुको जीविकोपार्जनको समस्या छ ।

# बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैया उपमहानगरपालिका–१४ बघवनमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रौतहट फतुवा विजयपुर नगरपालिका–५ बैरगनियाका ३५ वर्षीय अनिलप्रसाद यादव रहेका छन् । शुक्रबार बिहान हुलाकी राजमार्गअन्तर्गत बरियारपुरबाट कलैयातर्फ आउँदै गरेको ना ६ ख ५०६७ नंको बसले ना ३९ प ७३६७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । घटनालगत्तै यादवलाई प्रादेशिक अस्पताल कलैया लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

यसैबीच महोत्तरीमा बस पल्टिँदा १५ जना घाइते भएका छन् । हरिगोरीगम्माबाट परिक्रमा सडक हुँदै जलेश्वरतर्फ जाँदै गरेको ना ३ ख ८९९७ नम्बरको यात्रु बस मडईस्थित सडकबाट पल्टेर दुर्घटना भएको हो । दुर्घटनामा १५ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । घाइतेहरूको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको छ ।

# माध्यमिकी परिक्रमाको महोत्तरी यात्रा सम्पन्न

**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिला माध्यमिकी १५ दिने परिक्रमामा यात्रीले महोत्तरीको यात्रा सम्पन्न गरेका छन् । यात्राको चौथो दिनदेखि आठौँ दिनसम्मको रात्रिवास महोत्तरीमा गरेका यात्री आज नवौँ दिन बिहान कञ्चनवनबाट धनुषाका लागि प्रस्थान गरेका हुन् । कञ्चनवनको रात्रि विश्राम गरेसँगै शुक्रबार बिहान यहाँबाट यात्री धनुषा प्रवेश गरेपछि महोत्तरीको यात्रा सम्पन्न भएको हो । महोत्तरीमा मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवन परिक्रमाका रात्रिवास रहने परम्परा छ । परिक्रमाका यात्री शुक्रबार बिहान कञ्चनवनमा स्नान गरेर रङ खेल्दै रामसीताको भजन गाउँदै अघिल्लो यात्राका लागि प्रस्थान गरेका छन् । यसअघि बिहीबार कञ्चनवन आएर यात्रीले होरी (फागु) महोत्सव मनाएका थिए । त्रेतायुगमा रामसीताले कञ्चनवन पुगेर अबीर खेलेका विश्वासमा यहीबाट होली पर्व प्रारम्भ हुने परम्परा छ । शुक्रबार यात्री धनुषाको क्षिरेश्वरनाथ महादेवको दर्शन गर्दै धनुषाकै पर्वतामा रात्रिबास गर्नेछन् । त्यसपछि १० औँ दिन धनुषाधाम, ११ औँ दिन सतोखरधाम र १२ औँ दिन औरहीमा रात्रिवासपछि परिक्रमा टोली १३ औँ दिनको विश्रामका लागि भारतको मधुवनी जिल्लामा पर्ने करुणा पुग्नेछ । त्यसपछि १४ औँ दिन मधुवनीकै बिसौलमा बसेपछि यात्री अन्तिम बासका लागि धनुषाको जनकपुरधामस्थित रङ्गभूमि मैदान (बाह्रबिघा) पुग्नेछन् । यसअघि पहिलो दिनको बास धनुषाकै हनुमानगढीमा गरेका यात्रीले दोस्रो र तेस्रो दिनको बास मधुवनीको कलना (कल्याणेश्वर) र फुलहर (गिरिजास्थान) मा गरिसकेका छन् । अन्तिम दिन (१५ औँ दिन) रङ्गभूमिमा रात बिताएर भोलिपल्ट जनकपुरधामको अन्र्तगृह परिक्रमा गरेपछि यो मध्यमा यात्रा सम्पन्न हुने परम्परा छ । यो यात्रा सम्पन्न भएको भोलिपल्ट फागुपर्व मनाउने मैथिल परम्परा छ । मिथिलाविहारी (श्रीराम) र किशोरीजी (सीताजी)का प्रतिमा डोलामा अघि लगाएर गरिने यो १५ दिने यात्रा मिथिलाको महाकुम्भ पनि भनिन्छ । मिथिला माध्यमिकी परिक्रमा कल्याणदायक हुने र मोक्ष प्राप्त हुने मैथिल जनविश्वास छ । मन, विचार शुद्धि र परोपकारमा लाग्न यो यात्राले अभिप्रेरित गर्ने मैथिल संस्कृतिका जानकार बताउँछन् । माध्यमिकी परिक्रमाको कूल एक सय ३३ किलोमिटर दूरीमध्ये महोत्तरी जिल्लामा २५, धनुषामा ८० र मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा २८ किलोमीटरको दूरी तय गरिने परम्परा छ ।

# नेपाल–भारतबीचको सांस्कृतिक सम्बन्ध थप मजबुत




नेपाल–भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमाअन्तर्गत श्रद्धालु भक्तजन, साधु–सन्त तथा सम्पूर्ण यात्रुहरूको स्वास्थ्य र सुविधालाई ध्यानमा राख्दै हेल्पडेस्क सञ्चालन गरिएको छ । परम्परागत रूपमा प्रत्येक वर्ष आयोजना हुने मिथिला मध्यमा परिक्रमा हिन्दू धर्मावलम्बीहरूका लागि गहिरो आध्यात्मिक र सांस्कृतिक महत्व बोकेको छ ।

यस परिक्रमाले धार्मिक पर्यटनलाई प्रवद्र्धन गर्नुका साथै नेपाल–भारतबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने काम गर्छ । नेपाल–भारत खुला सीमाको कारण यात्रुहरूलाई सहजता मिल्नुका साथै धार्मिक तथा सांस्कृतिक आदान–प्रदानलाई प्रवद्र्धन गर्ने अवसर पनि प्रदान गरेको संस्थाको केन्द्रीय अध्यक्ष डा.राजीव झाले बताए । यसै सन्दर्भमा, महोत्तरी जिल्लाको पाँच वासामध्ये अन्तिम चरणको कंचनवन वासमा हेल्पडेस्क सञ्चालन गरिएको थियो । नेपाल–भारत खुला सीमाको फाइदा बारे बोल्दै संस्थाको केन्द्रीय उपाध्यक्ष शिवशंकर साह हिराले नेपाल–भारत खुला सिमानाका कारण धार्मिक तथा सांस्कृतिक गतिविधिहरू सहज रूपमा सम्पन्न गर्न सकिने बताए ।

भारतका विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजन तथा साधु–सन्तहरूले बिना झन्झट नेपाल प्रवेश गरी परिक्रमा गर्न पाउने सुविधा पाएका छन् । यसले धार्मिक पर्यटनलाई प्रवद्र्धन गर्न सहयोग गर्नुका साथै स्थानीय अर्थतन्त्रमा समेत टेवा पु–याएको बताए ।

मिथिला मध्यमा परिक्रमा नेपाल–भारतबीचको सांस्कृतिक सम्पर्कको प्रतीक मानिन्छ । नेपाल–भारत खुला सीमाका कारण यी धार्मिक यात्राहरू सहज बन्दै गएका छन्, जसले धार्मिक पर्यटकलाई आकर्षित गर्दै नेपालको स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउने काम गरेको कार्यक्रम संयोजक दिपक यादवले बताए । कार्यक्रम सह संयोजक रुबि झाका अनुसार यस हेल्पडेस्क मार्फत यात्रुहरूका लागि स्वास्थ्य जाँच, आवश्यक औषधि वितरण तथा अन्य आवश्यक सामग्रीहरू उपलब्ध गराउने कार्य भइरहेको तथा आज श्रद्धालुहरुलाइ स्वागत स्वरूप अबिर, फूलमाला अर्पण गर्नुका साथै स्वास्थ्य परिक्षण तथा आवश्यक सहयोग प्रदान गरिएको थियो ।

यस वर्ष नेपाल–भारत खुला सीमा संवाद समूहले धार्मिक परिक्रमालाई थप व्यवस्थित बनाउन गुमसुदा व्यक्तिहरूको खोजीका लागि एलाउन्स प्रणाली सञ्चालन गर्नुका साथै होलि महोत्सव समेत भव्य रूपमा मनाएको छ। सहभागीहरूको अनुसार, हेल्पडेस्क सञ्चालन तथा विविध सुविधाहरूको व्यवस्थापनले परिक्रमा यात्रुहरूलाई ठूलो राहत मिलेको छ । पत्रकार एवम् शिक्षक दिपेन्द्र सिंहका अनुसार यस्ता कार्यक्रमहरुले धार्मिक यात्रुहरूको लागि सहज वातावरण सिर्जना गर्दै नेपाललाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ ।

कार्यक्रममा कार्यालय सचिव कृष्ण कुमार साह, सिरहा निवासी सामाजसेवी रुपेश यादव, धनेश्वर ठाकुर, कमला बचाउ अभियानी बिक्रम यादव, बिपिन ठाकुरको सक्रिय सहभागिता रहेको थियो ।

# भोजपुरी भाषा र रीतिरिवाज गर्व गर्न लायक छः साह




**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरीया रीति रिवाज गर्व गर्न लायक भएको नवदिप एकेडेमीका प्रधानाध्यापक शुशिला साहले बताएकी छन् । नेपाल भोजपुरी समाजले नवदिप एकेडेमीका कक्षा ७ र ८का विद्यार्थीहरुका लागि आयोजना गरेको कला संस्कति संरक्षण प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानाध्यापक साहले यस प्रकारको कार्यक्रमले आफनो बाल्यकालको सम्झना समेत गराएको बताइन् । आउने दिनमा नेपाल भोजपुरी समाजको सहकार्यमा विभिन्न रचनात्मक कार्यक्रम गर्न सकिने पनि उनले बताइन् । समाजका अध्यक्ष ध्रवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेन्द्र सिंह राजपुतले प्रशिक्षण दिएका थिए । कार्यक्रममा सल्लाहाकार मनोज कुमार मिश्र, विद्यालयका शिक्षकहरुको सहभागिता रहेको थियो ।

# विभिन्न विद्यालयको कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको गुरुकुल एकेडेमीले आफ्नो वार्षिक उत्सव तथा सांस्कृतिक कार्यक्रम २०८१ भव्य रूपमा सम्पन्न गरेको छ । २०७१ सालमा स्थापना भएको यस एकेडेमीले शिक्षाका साथै संस्कार पनि सिकाउँदै आएको लायन्स क्लब्स इन्टरनेशनलका पूर्व इन्टरनेशनल डाइरेक्टर इ. सञ्जय खेतानले बताए । उनले विगतबाट पाठ सिकेर भविष्य सुनिश्चित गर्न वर्तमानमा खुशी भएर बाँच्नु पर्ने बताए । कार्यक्रममा कक्षा ९ सम्मका विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

यसैगरी मदरल्याण्ड माध्यमिक विद्यालयमा अन्तर सदन हाजिरी जवाफ प्रतियोगिता (जुनियर तर्फ) अभिभावक समिति अध्यक्ष राज कुमार साह तेलिको अध्यक्षता र विद्यालयको संस्थापक डा नन्दन यादवको आतिथ्यतामा सम्पन्न भएको छ । प्रतियोगितामा पहेलो हाउस प्रथम, निलो हाउस दोस्रो, हरियो हाउस तेस्रो र रातो हाउसले सान्तवना स्थान प्राप्त गरेको थियो ।

यसैगरी ज्ञानदा एकेडमीले तेस्रो वक्ततृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ । एकेडमीको हलमा शुक्रबार सम्पन्न प्रतियोगितामा बारा र पर्साका गरी ८ वटा विद्यालयको सहभागिता रहेको थियो । उता, वीरगंज महानगरपालिका रामटोलमा अवस्थित कंचनजंगा बोर्डिङ स्कुलको कक्षा ९ का विद्यार्थीहरुले कक्षा १० का विद्यार्थीहरुलाई बिदाई गरेका छन् । एसईईका विद्यार्थीहरुलाई बिदाई गर्दै मायाको चिनो प्रदान गरिएको थियो ।

# होली मिलन एवम् शुभकामना आदन प्रदान



**मधेशदृष्टि**
**वीरगंज ।**
समृद्ध समाजका लागि युवा सशक्तिकरणले होली मिलन समारोह एवम् शुभकामना आदन प्रदान कार्यक्रम गरी मनाएको छ । वीरगंज महानगरपालिका वडा नं १५ स्थित नेशनल मेडिकल चौकमा भएको कार्यक्रममा प्रमुख अतिथि वडा नम्बर १६ का वडा अध्यक्ष प्रसुराम चौरसियाको आतिथ्यमा एवम् विशिष्ट अतिथिमा जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष ओम प्रकाश सराफ, हिन्दू परिषदका सन्जय सर्राफ, ज्योती देवी, सुशिला भणडारीको विशेष उपस्थितिमा सम्पन्न भएको हो । आईज नेपालका अध्यक्ष महेशजीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ३० जना दृस्टिविहीनसँग होलीको शुभकामना आदान प्रदान गरी मनाइएको थियो ।

# क्रियाशील पत्रकारको कार्यक्रममा ३१ जनाद्धारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
क्रियाशील युवा पत्रकार मञ्च नेपालले आयोजना गरेका बृहत खुल्ला रक्तदान सम्पन्न भएको छ । वीरगंजको घण्टाघर चौकमा शुक्रबार मञ्चले तेस्रो पटक रक्तदानको आयोजना गरेको हो । कार्यक्रममा १ महिलासहित ३१ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा सञ्चारकर्मी कृष्ण कुश्वाहा, उमेश नारायण मानन्धर, आदित्य कुमार महरा, नारायण क्षेत्री, राजेश दास, राज कुमार सहनी, लोकेश रावत, राजिव कुमार झा, मन्जय साह, रोहित राज, राज बिधा पन्जियार लगायत रहेका छन् ।




कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी गौतम मिश्र, जिल्ला ट्राफिक कार्यालय प्रमुख, समाजसेवी प्रकाश थारु, वडा प्रहरी बिर्ताका प्रहरी प्रमुख निरोज चौलागाईं, सामुदायिक प्रहरी कुम्हालटोलका सचिव श्रवन बहादुर रायमाझी, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंह, नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उप शाखाका युवा संयोजक अभिलाष गुप्ता, वीरगंज रक्त सञ्चार केन्द्रकी दिल्ली माया घिमिरे, नमित चौरसिया, समीर हासमी, श्री राम शर्मालगायतको उपस्थिति रहेको थियो ।

क्रियाशिल युवा पत्रकार मञ्च नेपालका अध्यक्ष प्रणय साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मञ्चका उपाध्यक्ष आनन्द पटेल, सचिव बिरेन्द्र साह, कोषाध्यक्ष उपेन्द्र बरईलगायतको सहभागिता रहेको थियो ।

# विज्ञान प्रदर्शनी र कला, हस्तकला तथा शिल्प सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ४ स्थित बिकन माध्यमिक विद्यालयले विज्ञान तथा कला र हस्तकला प्रदर्शन २०८१ आफ्नै विद्यालय परिसरमा सम्पन्न गरेको छ । बिकन माध्यमिक विद्यालयका प्रधानाध्यापक जय कुमार दनुवारको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरी, विशिष्ट अतिथिमा वडा नम्बर ४ का वडा सदस्य शर्मा गोसाई, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंह, सञ्चारकर्मी अभिलाष गुप्तालगायतको सहभागिता रहेको थियो ।

बिकन माध्यमिक विद्यालयका संचालक एवम् समाजसेवी प्रकाश उपाध्यायले प्रदर्शनको उद्देश्य विद्यार्थीहरूलाई वैज्ञानिक सोच, नवीनता र अनुसन्धानमा अभिप्रेरित गर्दै व्यावहारिक शिक्षाको अवसर प्रदान गरेको बताए ।

# छात्रा धिमा गति साइकल प्रतियोगितामा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको महागढीमाइमा पालिकास्तरीय अन्तर माध्यमिक छात्रा धिमा गति साइकल प्रतियोगिता आयोजना गरिएको छ । सबै महिला तथा बालिकाका लागिः अधिकार, सममानता र सशक्तीकरण ११५ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा छात्रा धिमा गति साइकल प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितामा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बबुआइनका छात्रा करिणा चौधरी प्रथम भएकी छन् ।

यसैगरी गढीमाइ महेन्द्र प्राविधिक नमुना माध्यमिक विद्यालयका छात्रा अनुकुमारी जैसवाल द्वितीय र तेस्रो स्थानमा पनि यही विद्यालयकी छात्रा शर्मिला पटेल भएकी छन् । पालिकाका ७ वटा विद्यालयबाट छात्राहरु भाग लिएको आयोजक संस्थाले जनाएको छ । आन्तरिक प्रतिस्पर्धाबाट छनौट भएका १४ जना छात्राहरु प्रतियोगितामा भाग लिएको जनाइएको छ ।

# उपराष्ट्रपतिले दिए अन्तर्राष्ट्रिय महिला दिवसको शुभकामना



**मधेशदृष्टि**
**वीरगंज ।**
उपराष्ट्रपति रामसहाय यादवले अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) को अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली नारी शक्तिमा सुख, शान्ति, समृद्धि र सु–स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

महिलाको सशक्तिकरण, समावेशिकरण, समानता, शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता लगायतको पक्षमा वकालत गर्न यो दिवस विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ ।

महिलाहरुको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा समान एवं सम्मानजनक सहभागिता गराउन सके यो दिवसको सार्थकता प्रमाणित हुनसक्छ । सबैलाई आ–आफ्नो स्थान र स्तरबाट अत्यन्तै संवेदनशील भई यसबारे चिन्तन, मनन गर्न यो दिवसले उत्प्रेरित गर्न सकोस् भनेर उपराष्ट्रपति यादवले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

# पूर्व राजाको हैसियतमा ज्ञानेन्द्र शाहलाई दिइएको सबै सुविधा खोस्न माग

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल संघीय समाजवादी पार्टीले पूर्व राजाको हैसियतमा ज्ञानेन्द्र शाहलाई दिइएको सबै सुविधा खोस्न सरकारसँग माग गरेको छ । पार्टीको केन्द्रिय कार्यालय बिजुलीबजार (बरमहलमा) शुक्रबार बसेको बैठकले ज्ञानेन्द्र शाहलाई दिइएको सबै सुविधा खोस्न माग गर्ने निर्णय गरेको छ ।

यसैगरी बैठकले जनताको हित विपरित निर्माण गर्न लागिरहेको केबलकारको विरोधमा सशक्त भएर विरोध गर्ने र रिंकु कुमारी सदाको बलात्कारपछि हत्यामा दोषी पाइएकाहरुलाई कडा कारवाहीलाई संघर्ष गर्ने निर्णय गरेको छ ।



'अहिले राजा सक्रिय भएर मुलुकमा फेरि प्रतिगमन ल्याउने तर्फ र राजा आउ देश बचाउ भन्ने नारा लगाउन गलाएर जनतालाई उक्साइरहेकोस्थिति छ । सरकारले यसलाई अभिलम्ब पूर्व राजालाई पूर्व राजाको हैसियतमा दिएको सबै सुविधा कटौती गरी र कानुनी दायरामा ल्याउन बैठक माग छ ।' नेता अन्सारीले भने, 'यो समस्याबाट मुक्त हुन अब सम्पूर्ण शोषित पीडित उत्पीडित वर्गको राजनैतिक शक्तिहरू एक हुने पर्ने आवश्यकता छ ।' हाल ८ दलीय मोर्चा बनाई मोर्चाको प्रमुख जिम्मेवारी आफैले सम्भाली रहेका नेता अन्सारीले देशका सम्पूर्ण शोषित, उत्पीडित समुदाय, क्षेत्रको अधिकार सुचिश्ति गर्न पार्टी निरन्तर लागि रहने बताए ।

बैठकमा मधेश प्रदेश सभा सदस्य विमला अन्सारीले शोषित पीडित उत्पीडित वर्ग र समुदाय प्रति देशभरी जनजागरण अभियानको आवश्यकता भएकोले प्रदेश २ मा जनजागरण अभियान गरिरहेको र यो अभियान ७७ वटै जिल्लामा सञ्चालन गर्ने बताइन् ।

पार्टी अध्यक्ष मोहम्मद रिजवान अन्सारीको अध्यक्षतामा बसेको बैठकमा मधेश प्रदेश सभा सदस्य एवम् पूर्व सूचना, संचार तथा गृह मन्त्री विमला अन्सारी, महासचिव अनन्त क्रान्ति, उपाध्यक्ष सीमा खान, उपमहासचिव जनक कार्की, सचिव दिनेश पाख्रिन, वरिष्ट नेता विजय डंगोल, रेणु डंगोल लगायत उपत्यकामा रहेका केन्द्रीय स्तरको नेताहरुको उपस्थिति थियो ।

# एसईईमा चिट चोर्नेलाई कडा कारवाही गरिने




**मधेशदृष्टि**
**वीरगंज ।**
आउँदो चैत ७ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा चिट चोर्ने तथा अनियमितता रोक्न कडा निगरानी गरिने भएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयले परीक्षा केन्द्र किनबेच हुने गम्भीर जानकारी आफूले पाएको भन्दै दोषीमाथि कारबाही गरिने चेतावनी दिएका छन् । उनका अनुसार केही संस्थागत विद्यालयहरूले विद्यार्थी तथा अभिभावकसँग रकम असुल्ने गरेको गुनासो आइरहेकाले सम्बन्धित निकायमाथि अनुसन्धान भइरहेको छ । यस वर्ष पर्सामा ११ हजार ४१३ विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । परीक्षा सञ्चालनका लागि २९ परीक्षा केन्द्र तोकिएका छन्, जसमा १७ वटा वीरगंज महानगरभित्र र १२ वटा बाहिर रहेका छन् । परीक्षा समन्वय एकाइ प्रमुख हरिप्रसाद कुर्मीका अनुसार पर्साका चार परीक्षा केन्द्रलाई जोखिमपूर्ण भनेर सूचीकृत गरिएको छ । सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै नियन्त्रण तथा अनुगमनलाई प्रभावकारी बनाइने उनको भनाइ छ ।

# पूर्व सांसद साह माओवादी केन्द्रमा प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
जसपाका नेपालका पूर्व सांसद प्रमोद साह नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । सर्लाहीको मलंगवामा आयोजित जनसभामा साहलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीमा स्वागत गरेका हुन् । साह २०७४ को आम निर्वाचनमा सर्लाही क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । २०७८ सालदेखि प्रमुख सचेतको भूमिका निर्वाह गरेका थिए ।

पार्टी प्रवेशपछि नेता साहले अब माओवादीले मधेश आन्दोलनका बाँकी कार्यभार पूरा गर्नसक्ने ठहर गरी आफू माओवादीको हिस्सेदार बन्न पुगेको बताए । अहिले काङ्ग्रेस र एमाले पहिचान विरोधी दलको रुपमा देखिएको तथा मधेशी दल अवसरवादमा लिप्त भएकाले अब माओवादीलाई विश्वास गरेर मात्रै मधेशी जनताको मुक्ति सम्भव हुने बताए ।

# कलैयामा दबाबमुलक र्‍याली प्रदर्शन



**मधेशदृष्टि**
**बारा ।**
'अबको चुनावमा महिला पहिला' भन्ने नाराका साथ अनुपम अभियान यात्रा अन्तर्गत शुक्रबार बाराको कलैयामा दबाबमुलक ¥याली प्रदर्शन गरिएको छ । बारामा सकृय महिला सम्बद्ध विभिन्न संघ संस्थाको संयुक्त आयोजनामा कलैयास्थित उपमहनागरपालिकाको कार्यालय अगाडिबाट शुरु भएको दबाबमुलक ¥याली कलैया नगरको परिक्रममापछि भरत चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । दबाबमुलक ऱ्यालीमा सहभागी महिलाहरुले 'हमनीके महिला सबसे पहिला', मिसन ८४ सफल पारौं, मेयरमा महिलालाई रोजौं' लगायतका नारा लेखिएका प्ले कार्ड प्रदर्शन गरेका थिए । कोणसभालाई सम्बोधन गर्ने महिला अगुवाहरुले राजनीतिक नेतृत्वमा महिलाको सहभागिता सुनिश्ति गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले अबको निर्वाचनमा स्थानीय तहको नेतृत्वमा महिलालाई निर्वाचित गराउन आँफुहरु लाग्ने प्रतिबद्धता पनि जनाए । कलैया उपमहानगरपालिकाकी उपप्रमुख रौशन प्रविणले राजनीतिक नेतृत्वमा महिलाको सहभागिता सुनिश्चित गर्न थालिएको अनुपम अभियानलाई सबै महिलाहरु एकजुट भएर लाग्ने प्रतिबद्धता जनाइन् ।

उनले अहिले पनि महिलाका अधिकारलाई केवल नारा र संविधानमा मात्रै सिमित गरिएको गुनासो गरिन् । यसअघि दबाब मुलक ¬यालीसहितको अनुपम यात्राको सुभारम्भ कलैया उपमहानगरपालिकाका मेयर विनोद साह र उपमेयर रौशन प्रविणले संयुक्त रुपमा गरेका थिए ।

# वीरगंजमा मनाइयो अन्तर्राष्ट्रिय महिला दिवस



**मधेशदृष्टि**
**वीरगंज ।**
११५ औँ अन्तर्राष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । वीरगंज महानगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा वीरगंजको घण्टाघर चोकमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जुनसुकै स्थानमा जस्तोसुकै महिला हिंसा गर्ने व्यक्तिलाई खोजीखोजी कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले एक महिनाभित्र चार जना महिला हिंसा गर्ने व्यक्तिलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याइएको जानकारी दिँदै समाजमा महिला हिंसा गर्नेलाई कारबाहीको दायरामा ल्याउन आम नागरिकले पनि सहयोग गर्नुपर्ने आवश्यक्ता औँल्याए । कार्यक्रममा एनजीओ सीसी पर्साका अध्यक्ष इब्राहिम देवान, वीरगंज महानगरपालिकाको महिला शाखाका अधिकृत रञ्जना पण्डितलगायतले शुभकामना दिएका थिए । दिवसकै अवसरमा यसअघि र्याली पनि निकालिएको थियो । सबै महिला तथा बालिकाका लागिः अधिकार, समानता र सशक्तीकरण भन्ने नारासहित आयोजित र्याली घण्टाघरबाट निस्किएर नगर परिक्रमा गरेर पुनः घण्टाघरमै पुगेर टुंगिएको थियो ।

महिला दिवस कार्यक्रम जिल्ला प्रहरी कार्यालय पर्सा, नारायणी अस्पताल, ओसीएमसी पर्सा, माइती नेपाल, आफन्त नेपाल, आवर संसार, दलित महिला संघ, सानो पाइला, सहयात्री समाज, आमा नेपाल फाउन्डेशन लगायतका संघसंस्थाको सहकार्यमा सम्पन्न गरिएको थियो ।

कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ३ की सदस्य संगीता दास, दलित महिला संघ पर्साकी अध्यक्ष निला राम, सानो पाइलाकी कार्यक्रम संयोजक शैलेश्वरी सिंह, साउथ सिटी हस्पिटल एवम् वीरगंज युवा समाजका सस्थापक अध्यक्ष कमल चौगाई, सामुदायिक प्रहरी कुमहाल टोलका सचिव श्रवन बहादुर रायमाझी लगायत विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनीधिहरुको सहभागिता रहेको थियो ।

# अर्काको नागरिकतामा तस्बिर टाँसेर ठगी गरेको आरोपमा दुई जना पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
अर्काको नागरिकतामा आफ्नो तस्बिर टाँसेर ठगी गरेको आरोपमा यहाँ दुई जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा राजविराज नगरपालिका–१२ घर भई हाल वडा नं ५ बस्ने २८ वर्षीय अभिषेक यादव र २० वर्षीय अरुणकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । जिल्ला प्रहरी प्रमुख, प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले विसं २०८० असारमा अर्को व्यक्तिको नागरिकता भेटेपछि दुवै जनाले मिलेमतोमा त्यसको दुरुपयोग गरी ठगी गरेको आरोपमा पक्राउ गरिएको बताए । नागरिकतामा आरोपितमध्ये अरुणको फोटो टाँसेर विराटनगरस्थित सिटिजन्स बैङ्कमा खाता खोली अन्य व्यक्तिहरूबाट लाखौँ रकम ठगी गरिरहेको खुल्न आएपछि पक्राउ गरिएको उनले जानकारी दिए । दुवै जनाविरुद्ध नागरिकतासम्बन्धी कसुर र ठगीमा जाहेरी परेको र अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# गौर राइस मिल्सको जग्गा बिक्रीविरुद्ध आन्दोलन चर्किंदै



**मधेशदृष्टि**
**रौतहट ।**
गौर राइस मिल्सको जग्गा बिक्रीविरुद्ध आन्दोलन दिनप्रतिदिन चर्किंदै गएको छ । शुक्रबार बिहानैबाट स्थानीय युवाहरू, राजनीतिक दलका नेताहरू, तथा सर्वदलीय संघर्ष समितिको अगुवाइमा रौतहटको सदरमुकाम गौरमा टायर बालेर विरोध प्रदर्शन गरिएको छ ।

प्रदर्शनकारीहरूले विपी चौक, मधेशी क्रान्ति चौक र घण्टाघर चौकमा टायर बाल्दै गौर नगरपालिकाका मेयर शम्भु साहविरुद्ध मुर्दावादका नारा समेत लगाएका छन् । जग्गा बिक्री रोक्न माग गर्दै यो विषय अब सदनसम्म पनि पुगेको छ । रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साह र क्षेत्र नम्बर २ का सांसद किरण साहले संघीय संसदमा गौर राइस मिल्सको जग्गा संरक्षण गर्नुपर्ने भन्दै आवाज उठाउँदै आएका छन् । उनीहरूले यस विषयमा तत्काल कदम चाल्न सरकारलाई आग्रह गरेका छन् । त्यस्तै, नेकपा (एमाले) का रौतहट इन्चार्ज अजय कुमार गुप्ताले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै गौर राइस मिल्सको जग्गा बिक्री रोक्न माग गरेका छन् । उनले यो जग्गा रौतहटबासीको धरोहर भएकाले यसको रक्षा गर्न सरकारको जिम्मेवारी रहेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन